आज मिति २०८० माघ २१ गते आइतबारका दिन बिहान ११:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :-

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. १ :- आ.व. २०८१।०८२ का लागि संघीय समपूरक अनुदान अन्तर्गत आयोजना/कार्यक्रम माग गर्ने प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं.१ :- प्रस्ताव नं. १ माथी छलफल गर्दा श्री राष्ट्रिय योजना आयोगको मिति २०८०।०८।३० को प्रकाशित सूचना अनुसारआ.व.२०८१।०८२ का लागि संघीय समपूरक अनुदान अन्तर्गत आयोजना/कार्यक्रम माग गर्ने तपसिल बमोजिमका आयोजना/कार्यक्रम प्रस्ताव सहित विवरणहरू श्री राष्ट्रिय योजना आयोगमा पठाउने निर्णय गरियो ।

| क्र. स. | आयोजनाको नाम | आयोजना स्थल | लागत अनुमान रकम रु. | समपूरक अनुदान रकम रु. | गाउँपालिका लागत सहभागिता रकम रु. | आयोजना कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | मिलनचोक-दुर्गौली सडक कालोपत्रे | जानकी-७ र १ | २,४९,०८,४५७।९० | १,२४,५४,२२८।९५ | १,२४,५४,२२८।९५ | बोलपत्र | |
| २. | खैरिपुर-भोक्सी सडक कालोपत्रे | जानकी- ८ | २,१४,६४,९७५।९० | १,०७,३२,४८७।९५ | १,०७,३२,४८७।९५ | बोलपत्र | |
| ३. | कन्चनपुर-दुर्गौली सडक कालोपत्रे | जानकी -४ र १ | १,९९,७२,६२५।१० | ९९,८६,३१२।५५ | ९९,८६,३१२।५५ | बोलपत्र | |
| ४. | प्रगतिनगर-अमौरी सडक कालोपत्रे | जानकी -२ र ५ | ३,६७,४६,२५८।८० | १,८३,७३,१२९।४० | १,८३,७३,१२९।४० | बोलपत्र | |
| ५. | जगतपुर-मुर्तिया-कटाँसे जोड्ने सडक कालोपत्रे | जानकी- ६ र ९ | ६,१२,९२,९१९।९० | ३,०६,४६,४५९।९५ | ३,०६,४६,४५९।९५ | बोलपत्र | |

**प्रस्ताव नं. २ :- आ.व. २०८१।०८२ का लागि संघीय विशेष अनुदान अन्तर्गत आयोजना/कार्यक्रम माग गर्ने प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं.२ :- प्रस्ताव नं.२ माथी छलफल गर्दा श्री राष्ट्रिय योजना आयोगको मिति २०८०।०८।३० को प्रकाशित सूचना अनुसारआ.व. २०८१।०८२ का लागि संघीय विशेष अनुदान अन्तर्गत आयोजना/कार्यक्रम माग गर्ने तपसिल बमोजिमका आयोजना/कार्यक्रम प्रस्ताव सहित विवरणहरू श्री राष्ट्रिय योजना आयोगमा पठाउने निर्णय गरियो।

| क्र. स. | आयोजनाको नाम | आयोजना स्थल | लागत अनुमान रकम रु. | आयोजना कार्यान्वयनविधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | सरस्वती मा.वि. दुर्गौली विद्यालय भवन निर्माण | जानकी-१ | २,०१,६७,२८३।२४ | बोलपत्र | |
| २. | आदर्श मा.वि. विद्यालय भवन निर्माण | जानकी-२ | २,०१,६७,२८३।२४ | बोलपत्र | |
| ३. | बालज्योति मा.वि. विद्यालय भवन निर्माण | जानकी-६ | २,०१,७०,०३४।३४ | बोलपत्र | |
| ४. | मोति मा.वि. विद्यालय भवन निर्माण | जानकी-७ | २,०१,५९,७८४।३४ | बोलपत्र | |
| ५. | अरुणोदय मा.वि. विद्यालय भवन निर्माण | जानकी-९ | २,०१,६७,२८३।२४ | बोलपत्र | |

२०८०।१०।२९

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष

गौरीगंगा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. ३ :- स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा कार्यदल गठन सम्बन्धमा।**

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथी छलफल गर्दा स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा दिग्दर्शन, २०८० को परिच्छेद तीन बमोजिम कार्ययोजनालाई व्यवस्थित गर्न तपसिल बमोजिमको स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा कार्यदल गठन गरियो।

तपसिल:-

| क्र.सं. | समिति गठन सम्बन्धी भएको व्यवस्था | नाम थर | पद | कैफियत |
|---|---|---|---|---|
| १. | स्थानीय विपद् व्यवस्थापन समितिका अध्यक्ष वा कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य | श्री गणेश चौधरी | संयोजक | |
| २. | कार्यपालिकाको महिला सदस्य मध्येबाट एकजना | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| ३. | योजना तथा अनुगमन महाशाखा/शाखा/इकाई प्रमुख | श्री योगेन्द्र शाही | सदस्य | |
| ४ | विपद्को क्षेत्रमा क्रियाशील संघ/संस्था वा विषय विज्ञहरु मध्येबाट कार्यपालिकाले तोकेको तीन जना | (१) श्री लाल बहादुर थापा<br>(२) श्री भरत बहादुर बि.क.<br>(३) श्री रमेश गौतम | सदस्य<br>सदस्य<br>सदस्य | रेडक्रस<br>CSSD<br>Practical Action Nepal |
| ५. | वातावरण तथा विपद् व्यवस्थापन महाशाखा/शाखा/इकाई प्रमुख | श्री नेत्र प्रसाद जैशी | सदस्य-सचिव | |

**प्रस्ताव नं. ४ :- आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यान्वयन गर्ने सम्बन्धमा ।**

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथी छलफल गर्दा शिक्षा, युवा तथा खेलकुद शाखाको योजना तथा कार्यक्रम र पुर्वाधार विकास तर्फको आयोजना कार्यान्वयन प्रगतिको समीक्षालाई मध्यनजर गर्दा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल :-

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | गाउँसभाबाट विनियोजित रकम रु. | आयोजना कार्यान्वय विधि | क्र.सं. | संशोधित आयोजनाको नाम | आयोजना स्थल | संशोधित आयोजनामा विनियोजित रकम रु. | संशोधित आयोजना कार्यान्वयन विधि | साविकको आयोजनामा बाँकी रकम | बजेटको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड संचालन | १,००,०००।- | कार्यालय/सोझै खरिद | १. | जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड संचालन | जानकी गाउँपालिका | २,५५,०००।- | कार्यालय/सोझै खरिद | - | नेपाल सरकार नगद अनुदान | |
| २. | विद्यार्थी स्काउट तालिम | १,५५,०००।- | कार्यालय/सोझै खरिद | | | | | | | | |
| ३. | कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | २७,१६,५००।- | कार्यालय | १. | जानकी-८ भोक्सी चौराहा बीच बाटोमा रहेको एच.टी.पोल सहित ट्रान्सफर्मर सारी व्यवस्थापन | जानकी-८ | १,८०,०००।- | कार्यालय | २३,८४,९२६।- | नेपाल सरकार नगद अनुदान | |
| | | | | २. | सशस्त्र प्रहरी कार्यालय,टीकापुरको टहराको छानामा जस्तापाता | टीकापुर-१ | १,५१,५७४।- | कार्यालय/सोझै खरिद | | | |

२०८०।१०।२९
गणेश चौधरी
अध्यक्ष

**प्रस्ताव नं. ५ :- आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यान्वयन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ५ :-** प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस जानकी गाउँपालिका वडा नं. ५ को पुर्वाधार विकास तर्फको आयोजना कार्यान्वयन प्रगतिको समीक्षा र आवश्यकतालाई मध्यनजर गर्दा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल:-**

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | गाउँसभाबाट विनियोजित रकम रु. | आयोजना कार्यान्वय विधि | संशोधित आयोजनाको नाम | आयोजना स्थल | संशोधित आयोजनामा विनियोजित रकम रु. | संशोधित आयोजना कार्यान्वयन विधि | बजेटको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | अमौरी पिपल चौतारा देखि नैन बहादुर चौधरीको घरसम्म बाटो ग्राभेल | २,००,०००।- | उपभोक्ता समिति | अमौरी शंकर चौधरीको घर देखि अमौरा जोड्ने सडक सतरोन्नति सहित ग्राभेल | जानकी-५ | २,००,०००।- | उपभोक्ता समिति | नेपाल सरकार नगद अनुदान | |

**प्रस्ताव नं. ६ :- राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा कार्यक्रम संचालन तथा कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं. ६ :-** प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व.२०८०।०८१ का लागि अन्तर सरकारी वित्तीय हस्तान्तरण सशर्त अनुदान अन्तरगत नवीकरणीय उर्जा प्रविधिहरु (वायोग्याँस / विद्युतीय चुलो / सुधारिएको चुलो / सौर्य उर्जा) जडानका लागि रु. १०,००,०००।- (अक्षेरुपी दश लाख मात्र ।) प्राप्त भएकोमा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिमका कार्यक्रमहरु संचालन तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | कार्यक्रम | आयोजना स्थल | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | बायोग्याँस (गोबर ग्याँस) | जानकी गाउँपालिका वडा नं. ४ र ७ | ३,००,०००।- | |
| २. | सौर्य सडक बत्ती | जानकी गाउँपालिका | ७,००,०००।- | |

२०८०।१०।२१
गणेश चौधरी
अध्यक्ष

प्रस्ताव नं. ७:- नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन्/संकलन र विक्री तथा व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं. ७:- प्रस्ताव नं. ७ माथी छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ का लागि यस गाउँपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ को (६), सोही ऐन को दफा ६२ (क) १, जानकी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा ५७, जानकी गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा १२ र सो सँग सम्बन्धित अनुसूची ११ र जानकी गाउँपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्यावधिक प्रतिवेदन, २०८० मा सिफारिस भए अनुसार नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खन्न/संकलन, बिक्री कार्यका लागि प्रथम पटक मिति २०८०।०७।०२ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित आन्तरिक आयको ठेक्का नं. JRM/IR/03/2080/081 (कर्णाली नदीको तोकिएका क्षेत्रहरु: रानीकुलो बाँध (Intake) कैलाशेश्वर सामुदायिक वनको सिमानाको घाट, वडा नं. ६, र कैलालेश्वर सामुदायिक वन देखि जगतपुर वनघुस्रा घाट, वडा नं. ६ ) को विद्युतीय बोलपत्र (E-Bid) आह्वानको ३० (तीस) दिने सूचना बमोजिम मिति २०८०।०९।१८ खोलिएकोमा कुनैपनि बोलपत्रदाता/फर्मले बोलपत्र पेश नगरेकोले र दोस्रो पटक मिति २०८०।०८।२९ मा १५ (पन्ध्र) दिनको अवधीको म्याद दिई पुनः विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना बमोजिम पेशहुन आउने बोलपत्रहरु मिति २०८०।०९।१८ मा खोलिएकोमा उक्त ठेक्कामा कुनैपनि बोलपत्रदाता/फर्मले बोलपत्र पेश नगरेको हुँदा सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ८(७) मा भएको व्यवस्थाअनुसार नदीजन्य पदार्थको उत्खनन्/संकलन र बिक्री कार्यको लागि गाउँपालिकाको कार्यालय आफैले अमानतबाट गर्ने गराउन निर्णय गरियो ।

प्रस्ताव नं. ८:- नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन्, संकलन, विक्रि तथा व्यवस्थापन कार्यान्वियन प्रक्रिया सम्बन्धमा ।

निर्णय नं. ८:- प्रस्ताव नं. ८ माथि छलफल गर्दा जानकी गाउँपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित कर्णाली नदीको तोकिएका क्षेत्रहरुबाट (रानीकुलो बाँध (Intake) कैलाशेश्वर सामुदायिक वनको सिमानाको घाट, वडा नं. ६, र कैलालेश्वर सामुदायिक वन देखि जगतपुर वनघुस्रा घाट, वडा नं. ६) बाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन्, संकलन, बिक्री तथा व्यवस्थापन कार्यान्वयन प्रक्रिया तपसिल बमोजिम अवलम्बन गर्ने निर्णय गरियो ।

तपसिल :-

१. गाउँपालिकाको कर्मचारीहरुको सहभागितामा नदीजन्य पदार्थको रोयल्टी संकलन कार्य प्रभावकारी हुने भएकोले कर्मचारी खटाई कर संकलन कार्य गर्ने ।
२. गाउँपालिकाको कार्यालयबाट कर संलकन कार्यमा खटिएका कर्मचारीहरुलाई खाना नास्ता बापत दैनिक रु. ३००।– (अक्षेरुपी तीन सय मात्र ।) उपलब्ध गराउने ।
३. कर संकलन कार्यमा खटिएका कर्मचारीहरुले नदीजन्य पदार्थको रोयल्टी रसिद (कर बिजक) जारी गर्ने र हरेक दिनको दोस्रो दिनमा राजश्व संकलनको विवरण गाउँपालिका कार्यालयमा पेश गर्ने ।
४. गाउँपालिका कार्यालय, राजश्व शाखाले कर संकलक कर्मचारीहरुको हाजिरी व्यवस्थापन गर्ने र कर संकलक कर्मचारीले जारी गरेको कर बिजक अनुसारको रकम बैङ्क खातामा राजश्व दाखिला गर्ने ।
५. गाउँपालिका कार्यालय, राजश्व शाखाले कर बिजक छपाई गर्ने र कर बिजकको नियन्त्रण गर्ने ।

२०८०।१०।२१
गणेश चौधरी
अध्यक्ष

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. ९ :- सामुदायिक विद्यालयहरुमा भान्सा घर निर्माणका लागि अपुग रकम व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. ९ :-** प्रस्ताव नं. ९ माथि छलफल गर्दा उत्थानशिल जीविकोपार्जनका लागि मूल्य शृंङ्खलामा महिलाको नेतृत्व र सशक्तिकरण गर्न यस जानकी गाउँपालिका र सप्रोस नेपालको साझेदारीमा मूल्य श्रङ्खलामा महिला कार्यक्रम अन्तर्गतको क्रियाकलाप भान्सा घर निर्माण तथा सामाग्री सहयोगका लागि मिति २०८०/०४/१५ गतेको कार्यपालिका निर्णयानुसार जानकी गाउँपालिका अन्तर्गतका २० वटा सामुदायिक विद्यालयमा भान्सा घर निर्माणका लागि गाउँपालिकाको तर्फबाट प्रति विद्यालय रु. २,००,०००।– (अक्षेरुपी दुई लाख मात्र ।) र सप्रोस नेपालको तर्फबाट प्रति विद्यालय रु. २,८१,०१०।– (अक्षेरुपी दुई लाख एकासी हजार दश मात्र ।) लागत साझेदारी गर्ने भएकोमा उक्त कार्यसम्पन्न गर्न प्रति विद्यालय रकम रु. २५,०००।– (अक्षेरुपी पच्चीस हजार मात्र ।) थप गर्नुपर्ने भएको हुँदा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुनेगरी तपसिलको बमोजिमको रकम व्यवस्थापन गर्ने निर्णय गरियो ।

**तपसिल:-**

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सा. क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | खर्च रकम रु. | बाँकी रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजनाहरुका लागि बाँकी रकम रु. | कैफियत |
| १४. | कञ्चनपुर दुर्गौली सडक कालोपत्रे | ४०,००,०००।- | २४,६७,६३५।५० | १५,३२,३६४।५० | १. | सामुदायिक विद्यालयमा भान्सा घर निर्माण | जानकी गाउँपालिका | ५,००,०००।- | कार्यालय/गैर सरकारी संस्था | १०,३२,३६४।५० | २५,०००x२० = ५,००,०००।- |

**प्रस्ताव नं. १० :- सुवर्णपुर फुटबल खेल मैदानमा गोलपोष्टको पोल निर्माण सम्बन्धमा ।**

**निर्णय नं. १० :-** प्रस्ताव नं. १० माथि छलफल गर्दा यस जानकी गाउँपालिका वडा नं. ६ सुवर्णपुर स्थित फुटबल खेल मैदानलाई थप व्यवस्थित बनाउन उक्त खेल मैदानमा फलामे गोलपोष्ट निर्माणका लागि आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुनेगरी तपसिलको बमोजिमको रकम व्यवस्थापन गर्ने निर्णय गरियो ।

**तपसिल:-**

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सा. क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | खर्च रकम रु. | बाँकी रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजनाहरुका लागि बाँकी रकम रु. | कैफियत |
| १४. | पिपल चौतारा देखि जमरा टोल हुँदै तीन डुँड सुवर्णपुरसम्म कालोपत्रे | ३०,००,०००।- | १८,६०,७०८।३८ | ११,३९,२९१।६२ | १. | सुवर्णपुर खेल मैदानमा फलामे गोलपोष्ट निर्माण | जानकी-६ | ५५,०००।- | कार्यालय/ सोझै खरिद | १०,८४,२९१।६२ | |

२०८०/१०/२९
गणेश चौधरी
अध्यक्ष

CamScanner

प्रस्ताव नं. ११ :- आर्थिक सहयोग गर्ने सम्बन्धमा।

निर्णय नं. ११ :- प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गाउँ कार्यपालिका समक्ष विभिन्न मितिमा प्राप्त हुन आएका आर्थिक सहयोग सम्बन्धी निवेदन उपर जाँचबुझ गर्दा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

तपसिल :-

| सि.न. | व्यक्ति/संस्थाको नाम, ठेगाना | आर्थिक सहयोग रकम रु. | बजेट श्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | सर्मिला देवी चौधरी, जानकी-९ | २०,०००।- | अन्य सामाजिक सहायता खर्च शिर्षक | निजको पतिको मृत्यु भएको र घरको आर्थिक अवस्था कमजोर भएकोले क्रिया खर्च |
| २. | राजाराम चौधरी, जानकी-१ | २०,०००।- | | निजको पत्नी शारदा देवी चौधरी यस गाउँपालिकाको स्वास्थ्य स्वयं सेविकाको रुपमा कार्यरत रहेको र निजको मृत्यु भएकोले क्रिया खर्च |

२०८०।१०।२१
गणेश चौधरी
अध्यक्ष